Grantha Electric Vehicle Pvt. Ltd
Baneshwor, Kathmandu, Nepal

Regd: 198516/075/076
VAT: 606597498

**Ref: 2081/82-037** **Date: 2024-11-09**

**प्रेश बिज्ञप्ती ।**

**२४० किमी रेन्ज सहित नेपालको जस्तो सुकै बाटेमा दुईजना तान्न सक्ने (EV Scooter) को निर्माणमा लगानीको अवसर ।**

नेपालको दुई पांग्रे विद्युतीय सवारीसाधन क्षेत्रमा हामी एउटा महत्वपूर्ण मोडमा छौं र नेपालभरी विद्युतीय सवारीसाधनलाई पुर्याउन इच्छुक लगानीकर्ता र रणनीतिक साझेदारहरू खोजिरहेका छौं । हाल हामीले आयातीत स्कुटरको बिकि वितरण गर्दै आएका छौ ।

यो एक नेपाल भित्रै स्थानीय रूपमा निर्माण गरिएको परियोजना हुनेछ, जसले नेपालभित्र रोजगारी सिर्जना र आर्थिक वृद्धिमा योगदान पुर्याउनेछ ।

**किन अहिले लगानीकर्ताको आवश्यकता छ ?**

हामी अझै आईपीओ (IPO) को स्तरमा पुगेका छैनौं । त्यस स्तरमा पुग्न हामीले पहिले नेपालमा हाम्रो निर्माण क्षमतालाई विस्तार गर्नुपर्नेछ ।

हाम्रो उत्पादन र वितरण सञ्जाललाई अझै मजबुत बनाएर, नेपालको विभिन्न भूभागका लागि विशेष रूपमा डिजाइन गरिएको यो स्कुटर २४० किमि रेन्ज दिने हुनेछ, यो स्कुटर नेपालमा रु २,८९,००० मा उपलब्ध हुने छ, र यसबाट हामीले आधुनिक विद्युतीय स्कुटरको मागलाई पुरा गर्न सक्छौं भन्ने हामीले आशा लिएका छौ ।

**लगानीकर्ताको समर्थनले हाम्रो प्रगति कसरी बढाउँछ**

**उत्पादन क्षमता विस्तारः**

हाल हाम्रो आयातीत स्कुटरको माग उच्च छ, तर यो पुरा गर्न नेपालमा निर्माण प्रक्रिया विस्तार गर्न आवश्यक छ, र हालको क्षमता पनी उत्पादन सगै बिृद्धि गर्न आवश्यक हुन्छ, क्षमता बढेसँगै, हामी देशभर र बाहिर समेत आपूर्तिलाई सुनिश्चित गर्न सक्छौं ।

**उच्च गुणस्तर र विश्वसनीयता प्रदान गर्दैः**

यो नया आउने स्कुटरमा ब्याट्री र मोटरमा ७-१० वर्षको वारेन्टी हुनेछ, र यो नेपालका कुनै पनि उकालो दुइजना बोकेर सजिलै चढ्न सक्षम हुनेछ । थप लगानीले हामीलाई यो गुणस्तर कायम राख्न र जनमासमा यसको उत्पादन पुर्याउन मद्दत गर्नेछ ।

**बजारमा अग्रणी बन्नेः**

Mail, Web & Cont: ev@grantha.com.np, www.granthaev.com.np, www.fdmotors.com.np, +977-9865369040

नेपालको दुई पांग्रे विद्युतीय सवारीसाधन बजारमा नेतृत्व गर्ने हाम्रो लक्ष्य छ, जसमा विभिन्न खण्डहरू समेटिनेछन् । यसलाई हासिल गर्न, हामीलाई दिगो र रणनीतिक रूपमा विस्तार गर्न आर्थिक स्रोत र रणनीतिक दृष्टिकोण दिन सक्षम लगानीकर्ताहरूको आवश्यक छ ।

**नेपालको अर्थतन्त्रमा योगदानः**

स्थानीय रूपमा निर्माण गरेर, हामी रोजगारका अवसर सिर्जना गर्नेछौं र कर राजस्व मार्फत नेपालको अर्थतन्त्रमा योगदान पुर्याउनेछौं । यो वातावरणमैत्री यातायात र दिगो विकासका लागि राष्ट्रिय लक्ष्यसँग पनि मेल खान्छ ।

**हाम्रो आईपीओको बाटोः**

**जनतालाई प्रतिबद्धताः**

भविष्यमा हामी सर्वसाधारणका लागि पनि आईपीओ जारी गर्नेछौं, जसले हाम्रो यात्रामा सहभागी हुने मौका प्रत्येक नेपालीलाई दिनेछ। अहिलेको लगानीकर्ताको समर्थनले, हामी हाम्रो कम्पनीलाई आईपीओ स्तरमा पुर्याउन आवश्यक क्षमता निर्माण गर्ने लक्ष्य राखेका छौ। त्यस स्तरमा पुगिसकेपछि, हामी सर्वसाधारणका लागि आईपीओ जारी गर्न प्रतिबद्ध छौं । हामी यो महत्त्वपूर्ण उपलब्धि हासिल गर्न तपाईंसँगको साझेदारी र धैर्यताको अपेक्षा गर्दछौं ।

**ग्राहक र लगानीकर्ताहरूलाई हाम्रो प्रस्तावः नेपालमा निर्माण गरिएको उच्च-गुणस्तरको उत्पादन हुनेछः**

नेपालको भौगोलिक अवस्थाका लागि निर्माण गरिएको, हाम्रो स्कुटरले विश्वसनीयता र किफायतीपन प्रदान गर्दछ ।

**विस्तारित वारेन्टी र समर्थनः**

७ देखी १० वर्षको वारेन्टीले हाम्रो उत्पादनप्रति आत्मविश्वास बढाउँनेमा हामी बिस्वस्त छौ ।

**दिगो र आशाजनक प्रतिफलः**

हाम्रो बजार स्थिति र रणनीतिले दीर्घकालीन प्रतिफल र स्थिर वृद्धि अवसर प्रदान गर्दछ । हामीसँगै, हामी नेपालको (EV) उद्योगमा नयाँ मापदण्ड स्थापन गर्न सक्छौं र सबैका लागि विद्युतीय सवारीसाधनलाई पहुँचयोग्य बनाउनेगरी निर्माण गर्न सक्छौं ।

**कसैलाई लगानी सम्बन्धी रुचि भएमा सम्पर्क गर्नसक्नुहुनेछ ।**

ev@grantha.com.np

www.granthaev.com.np

www.fdmotors.com.np

GRANTHA EV Kathmandu, Nepal